आर्थिक ऐन, २०७७ ले प्रदान गरेका देहायका छुट सुविधा (स्किम) को समय मै उपयोग गरी लाभ लिनुहोस्। ध्यान दिनुहोला करदाताले यो सुविधाको दावी मिति २०७७/११/२९ भित्र गरिसक्नु पर्नेछ।

## (क) स्थायी लेखा नम्बर (PAN) नलिएका व्यक्तिको लागि:

- *छुट सुविधा कसले पाउने ?*
  - बिगतमा कर लाग्ने आय आर्जन गरेको तर आयमा कर नतिरेको
  - स्थायी लेखा नम्बर (PAN) नलिएको / आन्तरिक राजस्व कार्यालयमा दर्ता नभएको
- *छुट सुविधाको लाभ लिन के गर्ने ?*
  - आर्थिक वर्ष २०७४/७५, २०७५/७६ र २०७६/७७ को आय विवरण र कर बुझाउने
  - स्थायी लेखा नम्बर (PAN) लिने
- *प्राप्त हुने छुट सुविधा ....*
  - आ. व. २०७४/७५ भन्दा अघिका कर, शुल्क तथा व्याज बुझाउनु नपर्ने

## (ख) स्थायी लेखा नम्बर (PAN) लिएका व्यक्तिको लागि:

- *छुट सुविधा कसले पाउने ?*
  - स्थायी लेखा नम्बर (PAN) लिई आय विवरण पेश नगर्ने करदाताहरु

| वार्षिक रु. ५० लाखसम्मको कारोवार गर्ने प्राकृतिक व्यक्तिको लागि | वार्षिक रु. ५० लाखभन्दा बढीको कारोवार गर्ने प्राकृतिक व्यक्ति वा निकायको लागि |
|---|---|
| *छुट सुविधाको लाभ लिन के गर्ने ?*<br>▪ आर्थिक वर्ष २०७४/७५, २०७४/७५, २०७५/७६ र २०७६/७७ को आय विवरण बुझाउने<br>▪ सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने व्याजको २५% रकम बुझाउने<br>*प्राप्त हुने छुट सुविधा ....*<br>▪ आ. व. २०७४/७५ भन्दा अघिका वर्षहरुको आय विवरण पेश गर्नु नपर्ने<br>त्यस्तो आयमा लाग्ने कर, शुल्क तथा बाँकी व्याज मिन्हा हुने | *छुट सुविधाको लाभ लिन के गर्ने ?*<br>▪ दाखिला गर्न बाँकी आय विवरण बुझाउने<br>▪ सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने व्याजको २५% रकम बुझाउने<br>*प्राप्त हुने छुट सुविधा ....*<br>▪ सोमा लाग्ने शुल्क तथा बाँकी व्याज मिन्हा हुने |

## (ग) मूल्य अभिबृद्धि कर (VAT) को विवरण पेश नगर्ने करदाताको लागि:

- *छुट सुविधा कसले पाउने ?*
  - सम्बत् २०७५ असार मसान्तसम्मको VAT विवरण नबुझाएका करदाताहरु
- *छुट सुविधाको लाभ लिन के गर्ने ?*
  - बाँकी VAT विवरण, सो बमोजिमको मू.अ. कर र सोमा लाग्ने व्याजको ५०% रकम बुझाउने
- *प्राप्त हुने छुट सुविधा ....*
  - सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी व्याज मिन्हा हुने ।

PAN लिएर आय विवरण नबुझाउने तथा VAT को विवरण पेश नगर्ने करदाताहरुको सूची वेभ साइटमा राखिएकोछ।